# खोप किन लगाउने ?



कोभिड-19 खोप सुरक्षित र प्रभावकारी छ । केही मानसिहरूलाई खोप लगाएपछि पनि कोभिड-19 लाग्न सक्ने भए तापनि, यसले यदि तपाईंलाई कोभिड-19 सङ्क्रमण भए पनि तपाईंलाई धेरै बिरामी हुन वा अस्पतालमा जानु पर्ने अवस्थाबाट बचाउन मद्दत गर्छ ।

खोप लगाउनाले तपाईं सङ्क्रमित हुने वा अरू कसैमा भाइरस फैलाउने जोखिम घटाउँछ । अझै खोप लगाउन नपाएका मानसिहरूको रक्षा गर्नु महत्वपूर्ण हुन्छ, जस्तै कलिला बालबालिका ।





यसले अस्पतालहरूमा सबैका लागि पर्याप्त शैया भएको र आपतकालीन सेवा चाहिने मानसिहरूले छिट्टै सेवा प्राप्त गर्न सक्ने कुरा सुनिश्चित गर्न पनि मद्दत गर्दछ ।